**रेइवा संवत् 6 सालमा पहिलो पटक निवासी कर छुट हुने** अथवा **समान विभाजित कर मात्र लगाइने** परिवारहरुलाई

**सुगीनामी वार्ड**

# मूल्य वृद्धि सामना सहयोग भत्ताको बालबालिकाको थप भत्ता (1जना बालबालिकाको लागि 50,000 JPY)को परिचय

- रेइवा संवत् 6 मूल्य वृद्धि सामना सहयोग भत्ताको बालबालिकाको थप भत्ता (1 जना बालबालिकाको लागि 50,000JPY) देशको "क्षेत्रमा केन्द्रित सहयोग स्थानीय अनुदान"प्रयोग गरेर भुक्तानी गरिने भत्ता हो।
- यस भत्ता प्राप्त गर्न प्रक्रिया यस भत्ता प्राप्त गर्नको लागि **प्रक्रिया गर्नु पर्ने आवस्था** पनि हुन सक्छ।

## भुक्तानी गरिने भत्ता रकम

**18 वर्ष वा सो भन्दा कम उमेरको बालबालिका** (नोट) **1जनाको लागि**

**50,000JPY**(हरेक परिवारलाई भुक्तानी गरिनेछ)

(नोट)हेइसेइ संवत् 18 अप्रिल 2 तारिख वा सो भन्दा पछि जन्मेको बालबालिका

## भुक्तानीको लक्षित परिवार र प्रक्रिया आवश्यक छ कि छैन ?

### भुक्तानी गरिने भत्ता रकम

**रेइवा संवत् 6 साल मूल्य वृद्धि सामना सहयोग भत्ता (100,00JPY)प्राप्त लक्षित परिवारहरू (नोट )मध्ये 18 वर्ष वा सो भन्दा कम उमेरको बालबालिकाको पालनपोषण गरिरहेको तथा बच्चा हुर्काउँदै गरेको परिवार**

(नोट) रेइवा 6 जून 3 तारिख(आधार हुने दिन)मा सुगीनामी वार्डमा निवासी दर्ता गरिएको तथा **परिवारको सबै सदस्यको रेइवा संवत् 6 सालको निवासी कर** (निश्चित रकम कर छुट हुनु अघि) **छुट भएको** अथवा **समान विभाजित कर मात्र लगाइएको** आदि परिवार।

**तथापि रेइवा 5 संवत् साल मूल्य वृद्धि सामना सहयोग भत्ता(70,000JPY अथवा 100,000JPY)को भुक्तानी लक्षित परिवारलाई भुक्तानी गरिनेछैन।**

**1** भुक्तानीको लक्षित परिवारहरूमध्ये **रेइवा संवत् 6 साल मूल्य वृद्धि सामना सहयोग भत्ता(100,000JPY)परिवारको प्रमुख व्यक्तिको खाता मा प्राप्त गरेको**

→ **प्रक्रिया आवश्यक छैन।**
**पछाडिको पाना①**हेरेर पक्का गर्नुहोस्।

**2** भुक्तानीको लक्षित परिवारहरूमध्ये **रेइवा संवत् 6 साल मूल्य वृद्धि सामना सहयोग भत्ता(100,000JPY)परिवारको प्रमुख व्यक्ति बाहेक अन्य खाता मा प्राप्त गरेको**

→ **पुष्टि पत्र पेश गर्नु आवश्यक छ।**
**पछाडिको पाना②**हेरेर पक्का गर्नुहोस्।

**3** भुक्तानीको लक्षित परिवारहरूमध्ये **तलका कुनै अवस्थामा भएको खण्डमा छुट्टै आवेदन प्रक्रिया गर्नु आवश्यक छ।**

- **रेइवा संवत् 6 जून 4 तारिख वा सो भन्दा पछि जन्मेको नवजात शिशु** छ
- एक्लै छात्राबासमा बसेको आदि **अरु परिवारको 18वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाको आर्थिक हेरचाह** गर्दै गरेको
- **परिवारको 18 वर्ष वा सो भन्दा कम उमेरको बालबालिकाको कर कानून अन्तर्गत पालनपोषण** गर्दै गरेको
- **रेइवा संवत् 6 जून 3 तारिखदेखि यता सम्बन्धविच्छेद वा सम्बन्धविच्छेदको चर्चा चलिरहेको छ,साथै 18 वर्ष वा सो भन्दा कम उमेरको बालबालिका/सँगै बसेर पति/पत्नीबाट छुट्टिएर बसेको** अथवा **रेइवा 6 जून 4 तारिख वा सो भन्दा पछि सम्बन्धविच्छेद भइसकेको छ, साथै 18वर्ष वा सो भन्दा कम उमेरको बालबालिकासँगै** बसेको※

※यस्ता अवस्थामा परेको खण्डमा कल सेन्टरमा सम्पर्क गरेर परामर्श लिनुहोस्।

→ **पछाडिको पाना③ हेरेर पक्का गर्नुहोस्।**

## सम्पर्क गर्ने ठाउँ

**सुगिनामी वार्ड मूल्य वृद्धि सामना सहयोग भत्ता कल सेन्टर**

☎0120-378-233 सम्पर्क गर्न सक्ने समय 8:30～17:15 (शनिबार/आइतबार/सरकारी बिदाको दिन बाहेक)

# प्रक्रिया गर्ने तरिका र भुक्तान्को समय

**अगाडिको पानाको 1 को लक्षित परिवार**

- क्रमशः परिवारको प्रमुख व्यक्तिलाई "भुक्तानीको सुचना"पठाइनेछ।
- रेइवा संवत् 6 साल मूल्य वृद्धि सामना सहयोग भत्ता (100,00JPY) प्राप्त भएको खातामा भुक्तानी गरिनेछ।

**भुक्तानीको समयबारे"भुक्तानीको सुचना"हेर्नुहोस्।**

**अगाडिको पानाको 2 को लक्षित परिवार**

- क्रमशः परिवारको प्रमुख व्यक्तिलाई "पुष्टि पत्र"आदि हालिएको परिचय कागजात पठाइनेछ।
- पुष्टि पत्रमा आवश्यक जानकारी लेखेर सँगै हालिएको परिचय कागजातमा आवश्यक कागजात (भुक्तानी गरिने खाता थाह पाउन सक्ने पासबुक आदिको प्रतिलिपि) सँगै हालेर फिर्ता पठाउनुहोस्।

**पेशको म्याद** रेइवा 6 अक्टोबर 31तारिख सम्म (बिहीबार)
(हुलाक छापको मिति त्यही मितिसम्म स्वीकारिनेछ)

**कागजात पेस गरेपछि लगभग 1 महिनामाा भुक्तानी हुनेछ।**

**अगाडिको पानाको 3 को लक्षित परिवार**

https://www.city.suginami.tokyo.jp/news/r0606/1094564.html

- वडा कार्यालय आधिकारिक होमपेजबाट "बालबालिका थप भत्ता भुक्तानी आवेदन फारम" को फारम डाउनलोड गर्ने अथवा अगाडिको पानामा लेखिएको कल सेन्टरमा सम्पर्क गरेर आवश्यक कागजात मागेर आवश्यक जानकारी लेखेर पेश गर्नुहोस्।
- ▶ इलेक्ट्रोनिक आवेदन दिन पनिसकिन्छ।(केही भाग बाहेक)

विस्तृत जानकारीको लागि वडा कार्यालयको होमपेज हेर्नुहोस्।

**पेशको म्याद**

| | |
|---|---|
| हुलाक | रेइवा 6 अक्टोबर 31तारिख सम्म (बिहीबार)<br>(हुलाक छापको मिति त्यही मितिसम्म स्वीकारिनेछ) |
| इलेक्ट्रोनिक | रेइवा 6 अक्टोबर 31तारिख ( बिहीबार)<br>राती 11:59 सम्म |

**कागजात पेस गरेपछि लगभग 1 महिनामाा भुक्तानी हुनेछ।**

## परिवारमा रेइवा संवत् 6 जून 4 तारिख वा सो भन्दा पछि जन्मेको बच्चा भएको खण्डमा

**Q** **म रेइवा 6 संवत् साल मूल्य वृद्धि सामना सहयोग भत्ता (100,00JPY)प्राप्त परिवारको प्रमुख व्यक्ति हुँ। परिवारमा प्राप्तको लागि योग्य हुन आधार हुने दिन(रेइवा संवत् 6 जून 3 तारिख) मा 5 वर्षको र 3 वर्षको बच्चाहरू छन्। साथै रेइवा संवत् 6 जून 4 तारिखमा जन्मेको 0 वर्षको बच्चा पनि छ। बालबालिका थप भत्ता प्राप्त गर्न के गर्नु पर्छ ?**

**A** आधार हुने दिन(रेइवा संवत् 6 जून 3 तारिख) मा निवासी दर्ता भएको 18 वा सो भन्दा कम उमेरको बालबालिकाको थप भत्ता "भुक्तानीको सुचना"मा भुक्तानी हुने दिनको परिचय पठाइनेछ। 5 वर्षको र 3 वर्षको 2 जना बच्चाहरुको (100,00JPY) चाहिँ प्रक्रिया गर्नु पर्दैन। तथापि, रेइवा संवत् 6 जून 4 तारिखमा जन्मेको बच्चाको बालबालिका थप भत्ता(50,000JPY) "सुगीनामी वार्ड मूल्य वृद्धि सामना सहयोग भत्ता(बालबालिका थप भत्ता)भुक्तानी आवेदन फारम(बिल)"पेश गर्नु पर्छ। माथि उल्लेख गरिएको ③ को प्रक्रिया हेर्नुहोस्। रेइवा संवत् 6 अक्टोबर 31 तारिख सम्म पेश नगरेको खण्डमा भुक्तानी गरिने छैन त्यसैले होसियार हुनुहोस्।

**निवासी कर छुट भएको आदि परिवारलाई दिइने मूल्य वृद्धि सामना सहयोग भत्ताको "ट्रान्सफर ठगी" र "व्यक्तिगत जानकारीको ठगी"प्रति सावधान हुनुहोस्!**




तपाईंको घर,कार्यस्थल आदिमा सुगीनामी सहर कार्यालय ((को कर्मचारी ) आदि भनेर फोन वा हुलाक मार्फत पत्र आएका खण्डमा सुगीनामी वार्डको वडा कार्यालय स्वास्थ्य तथा कल्याण विभाग व्यवस्थापन शाखा मूल्य वृद्धि सामना सहयोग भत्ताको जिम्मेवार कर्मचारी (फोन : 03-3312-2111(प्रमुख लाइन)),प्रहरी कार्यालय अथवा सुगीनामी सहर ट्रान्सफर ठगी क्षति सून्य डायल (फोन :03-5307-0800) मा सम्पर्क गर्नुहोस्।